**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २७ जून २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले पेपर लिक प्रकरणको निष्पक्ष छानबिन र दोषीलाई कडा कारबाही गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ।

२. सिक्किमका पूर्व लोकसभा सांसद पहलमान सुब्बाको निधनमा मुक्यमंत्री प्रेमसिंह तामांगले गहिरो दु:ख व्यक्त गर्नु भएको छ ८

३. दार्जीलिङ नगरपालिकाको कन्जरभेन्सी विभागले सार्वजनिक नाला अतिक्रमण गरेकोमा दार्जीलिङ शहरको पाच वटा होटललाई ७ दिनको नोटिस दिएको छ ८

४. नेपाली साहित्य अध्ययन समिति कालेबुंग अनि सांस्कृतिक विभाग जीटिएको संयुक्त आयोजनामा 13 जुलाईको दिन 210 औ भानु जयन्ति समारोह सम्पन्न गरिने भएको छ ८

५. आईसीसी टी–२० विश्वकप क्रिकेटको पहिलो सेमिफाइनलमा आज दक्षिण अफ्रिकाले अफगानिस्तानलाई 9 विकेटले पराजित फाइनलमा प्रवेश गरेको छ ८

**राष्ट्रपति मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मुले पेपर लिक प्रकरणको निष्पक्ष छानबिन र दोषीलाई कडा कारबाही गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ। संसदको संयुक्त बैठकलाई सम्बोधन गर्नु हुदै उहाले देशव्यापी यस्ता घटना रोक्न दलीय राजनीतिबाट माथि उठेर ठोस कदम चाल्न जरुरी रहेको बताउनु भयो । उहाले परीक्षासँग सम्बन्धित निकायए तिनको कामकारबाही र परीक्षा प्रक्रिया सबै पक्षमा बृहत सुधारका लागि सरकारले काम गरिरहेको बताउनु भयो । राष्ट्रपति मुर्मुले परीक्षामा अनुचित तरिकाविरुद्ध संसदले पनि कडा कानुन बनाएको जानकारी गराउनु भयो । उहाले भन्नु भयोए विभिन्न राज्यमा पेपर लिकका धेरै घटना बाहिर आएकाले देशका युवालाई आफ्नो प्रतिभा प्रस्फुटन गर्ने उचित अवसर उपलब्ध गराउन सरकारको निरन्तर प्रयास रहेको छ। राष्ट्रपतिले प्रतिस्पर्धात्मक परीक्षा होस् वा सरकारी भर्ना प्रक्रिया पूर्ण पारदर्शिता र इमान्दारिताको खाँचो रहेको बताउनु भयो ८

****** ० ******

**तृणमूल विरोध प्रदर्शन**

तृणमूल कंग्रेस पार्टीका नवनिर्वाचित विधायकद्वय बराहनगरबाट सायन्तिका ब्यनर्जी र भागवानगोलाबाट रेयात हुसैनले पश्चिम बंगालका राज्यपाल सी.वी. आनन्द बोसको शपथ ग्रहण समारोहमा भाग लिने निमन्त्रणालाई बेवास्ता गरिदिएका थिए।यसको सट्टा दुवैले राज्य विधानसभा परिसरमा प्रदर्शन गर्दै राज्यपाल शपथ ग्रहण गराउनका लागि विधानसभामा आउनु पर्ने माग गरेका थिए । विधकयद्वय आज पनि दिनभरि विधानसभा परिसरमा नै बसेर विरोध प्रदर्शन गरे ८ तृणमूल कंग्रेसको सूत्रले बताए अनुसारए आज विधानसभा परिसरमा अवस्थित भीमराव अम्बेडकरको प्रतिमा अघि उनीहरूले विरोध प्रदर्शन गरे। आज पनि उनीहरूले हातमा ष्शपथका लागि माननीय राज्यपालको आगमनको प्रतीक्षा गरिरहेका छौं।" लेखिएको पोस्टर थियो।

****** ० ******

**सिक्किम सांसद निधन**

सिक्किमका पूर्व लोकसभा सांसद पहलमान सुब्बाको निधन भएको छ। राजधानी गान्तोकको तादोङस्थित मणिपाल अस्पतालमा उपचाराधिन ९० वर्षीय सुब्बाले आज बिहान अन्तिम स्वास लिए। स्वर्गीय पहलमान सुब्बाको निधनमा सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले गहिरो दु:ख व्यक्त गर्नु भएको छ । उहाले शोक सन्तप्त परिवार र इष्टमित्रहरूमा समवेदना व्यक्त गर्नु हुदै दिवंगत आत्माको शान्तिको निम्ति प्रार्थना गर्नु भएको छ ।मुख्यमन्त्री तामाङ आज बिहान मणिपाल अस्पताल पुगेर स्वर्गीय पहलमान सुब्बालाई अन्तिम श्रद्धाञ्जलि अर्पण गर्नु भयो । स्मरण रहोस , स्वर्गीय पहलमान सुब्बा सिक्किमका प्रथम निर्वाचित लोकसभा सांसद थिए।

****** ० ******

**दार्जीलिङ नगरपालिका**

दार्जीलिङ नगरपालिकाको कन्जरभेन्सी विभागले सार्वजनिक नाला अतिक्रमण गरेकोमा दार्जीलिङ शहरको पाच वटा होटललाई ७ दिनको नोटिस दिएको जानकारी प्राप्त भएको छ । नगरपालिकाले दुई दिनपछि दिल होटल अगाडिको क्षेत्रलाई भ्याट फ्री जोन बनाउने निर्णय गरेको दार्जीलिङ नगरपालिका कन्जरभेन्सी विभागका सदस्य नितेश गुरुङले जानकारी गराउनु भएको छ ।

****** ० ******

**आयुष ग्राम**

जोरबङलो सुकेपोखरी खण्ड बिकास अन्तगर्त सुके सिमाना ग्राम पंचायतको माझीधुरा फरेष्ट बस्तीलाई आज देखि आयुष ग्राममा समावेश गरिएको छ। जिटिए क्षेत्रको प्रथम आयुष ग्राम योजनामा माझीधुरा गाउँलाई चयन गरिएको छ। आज एक कार्यक्रमका बीच आयुष ग्राम उत्घाटन कार्यक्रम सम्पन गरियो। कार्यक्रममा जीटिए सभा चियरमेन अन्जुल चौहानए स्वास्थ्य एवंम परिवार कल्याण विभाग कार्यकारणी सभासद अरूण सिग्ची ए कार्यकारणी निर्देशक साम्देन डुक्पा आदिको विशेष रूपमा उपस्थित थिए ।

****** ० ******

**कालेबुंग भानु जयन्ति**

नेपाली साहित्य अध्ययन समिति कालेबुंग अनि गोर्खाल्याण्ड क्षत्रीय प्रशासन सांस्कृतिक विभागको संयुक्त आयोजनामा सप्तश्री ज्ञानपीठको प्रेक्षागृहमा आगामी 13 जुलाईको दिन 210 औ भानु जयन्ति समारोह सम्पन्न गरिने भएको छ । यस अवसरमा पीटिटिआई कालेबुंगका भूतपूर्व प्राचार्य एव प्राध्यापक मणिचन्द्र भुजेललाई वर्ष 2024 भाइचन्द्र पुरस्कार प्रदान गरिने भएको छ । कार्यक्रमको अध्यक्षता समितिका सभापति जोग चामलिंगले गर्नु हुनेछ भने दार्जीलिंग हिल युनिभरसिटीका भारप्राप्त रजिस्ट्रार डा. सुजतारानी राई प्रमुख रूपमा उपस्थित हुने आयोजक समितिले जानकारी गरेको छ ।यसबाहेक कार्यक्रममा आइ सी एस ई अनि आई एस सी परिक्षामा नेपाली विषयमा सर्वोच्च अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई अभ्यर्थना अनि सम्पूर्ण राई पुरस्कार पनि प्रदान गरिने बताईएको छ ।

****** ० ******

**छैटौं अनुसूची**

पहाड़मा छैटौं अनुसूचीको मांगलाई सक्रिय पार्न गोर्खा हिल सिक्स सेड्युल मुभमेन्ट कमिटी अघि आएको छ । पार्टीभन्दा जाति ठूलो, जातिभन्दा माटो ठूलो मन्त्रको साथमा युवाहरू छैटौं अनुसूचीको लागि काम गर्नलाई अघि आएको बताईएको छ । छैटौं अनुसूचीको मागलाई अघि बढ़ाउन गोर्खा हिल सिक्स सेड्युल मुभमेन्ट कमिटीले आज खरसाङमा एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नु हुदै कमिटिका सदस्य सुरज घिसिङले आफूहरू छैटौं अनुसूचीको मांगलाई लिएर अघि बढ्ने र यसको लागि पहाड़को सबै राजनैतिक दलहरू, सरकारी र गैर सरकारी संस्थाहरू सबैलाई हामीलाई समर्थन गरिदिने आह्वान गर्नु भएको छ ।

****** ० ******

**मिरिक सडक**

मिरिक बजारको बौदी गोलाईदेखि मिरिक बस्ती अनि मरमा चियाकमानलाई जोड्ने मुख्य सडक चर्कीएपछि केही दिन अघिदेखि यातायात अवरोध भएको थियो भने आजदेखि सडकलाई ब्यावस्थित गरेर सुचारू गर्ने पहल शुरू भएको छ। जसका लागि आज सियोक गोपालधारा ओकेटी समष्टि सभासद धुर्ब बम्जन,मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राई अनि

मिरिक इन्जिनियरिङ विभागका अभियन्ताहरूले क्षेत्रको स्थलगत भ्रमण अनि निरीक्षण गरेपछि गरे। यस क्रममा बोल्नु हुदै सभासद मिलेस राईले सडकको मुख्य भागमा नै चर्किएर यातायात अवरोध भएपछि यसलाई सुचारू गर्न विभागीय पहल शुरू भएको कारण आज विभागीय अभियन्ताहरूको साथमा स्थलगत भ्रमण अनि निरीक्षण गरिएको बताउनु भएको छ ।

****** ० ******

**खर्सांग र्याली**

आज खरसाङमा अखिल भारतीय नेपाली अनुसूचित जाति संघ खरसाङ महकुमा समिति र केन्द्रीय समितिको सभा सम्पन्न भयो ् सभामा युटुबर रजत तामाङले अनुसूचित जातिमाथि अभद्र व्यवहार गर्दै गाली गरेको विषयलाई केन्द्र गर्दै आगामी 30 जूनको दिन खरसाङमा रैली निकालिने निर्णय लिईएको अखिल भारतीय नेपाली अनुसूचित जाति संघ केन्द्रीय महासचिव रिमेश मोथे र खरसाङ महकुमा समितिको सचिव प्रणय रोकाले जानकारी गरेका छन् ् सभामा अखिल भारतीय नेपाली अनुसूचित जाति संघ केन्द्रीय अध्यक्ष बुध्दवीर सार्की र केन्द्रीय महासचिव रिमेश मोथेले सम्बोधन गरेका थिए। सभामा अखिल भारतीय नेपाली अनुसूचित जाति संघको विभिन्न शाखाहरूबाट प्रतिनिधिहरू उपस्थिति रहेको थियो ।

****** ० ******

**डेंगु जागरुकता र्याली**

दार्जीलिंङ नगरपालिका कन्जरभेन्सी बिभाग अनि म्युनिसिपल गर्लस/बोईज स्कूलको संयुक्त आयोजनामा डेंगू जागरुकता रैली सम्पन्न भयो। रेलवे स्टेशनदेखि क्यापिटल हलसम्म सम्पन्न भएको आजको रैलीमा दार्जिलिंङ नगरपालिका उपाध्यक्षा प्रतिभा राई तामङए नगरपार्षद- पार्षदिकाहरु उषा राईए सुधा लामाए मुकुन्द राज बराईलीए नितेश गुरुङए गणेश सार्कीए कन्जरभेन्सी एस आई अर्जुन छेत्रीए म्युनिसिपल गर्लस/बोईज स्कूलका शिक्षक-शिक्षिकागणएबिधार्थीवर्गए आशा कर्मी आदि उपस्थित थिए। र्यालीपछि पत्रकारहरुसंग कुराकानी गर्ने क्रममा नगरपालिका एम आइ सी स्वास्थ्य विभागको पक्षबाट मुकुन्द बराईलीले पहाड़मा पनि डेंगू फैलिन थालेको जानकारी प्राप्त भएपछि सम्पूर्ण जनसाधारणलाई सचेत गराउन हेतु आजको जागरुकता रैली सम्पन्न गरिएको बताउनु भएको छ ।

****** ० ******

**आखा जाच शिविर**

मगरजोंग चियाबारीको इन्दिरा ओझा उच्चतर माध्यमिक विद्यालय भवनमा आज चोखेर आलो अनि भिजन स्पिङ्गको संयुक्त आयोजनामा क्षेत्रका आँखा रोगीहरुलाई लिएर नि:शुल्क रुपमा आँखा जाँच शिविर कार्यक्रम सम्पन्न गरिएको छ। यस कार्यक्रममा अभटोमेटिश सुभोदीप मण्डलले क्षेत्रका वृद्ध- वृद्धा नागरिकए युवा- युवती एवं विद्यार्थीहरुलाई आँखाको जाँच गर्नुका साथै उचित परामर्श पनि दिनु भएको छ।

****** ० ******

**अनुसूचित जाति समिति**

मिरिक महाकुमाको मिलीकथुङ्गमा अखिल भारतीय नेपाली अनुसुचित जाति संघ शाखा समिती गठन गरियो। जसमा सभापति प्रेमकुमार सार्कीलाई अध्यक्ष ए भिम तिरुवालाई उपाध्यक्ष ए दिपा सर्कीलाई सचिव अनि मिलन सार्कीलाई कोषध्यक्षको रूपमा चयन गरिएको छ ् यसक्रममा अखिल भारतीय नेपाली अनुसूचीत जाती संघ मिरिक महकुमा समितिका अध्यक्ष सत्यन वरदेवा, महासचिव उमेस तोलाङ्गी अनि सन्तोस दासको उपस्थीति रहेको थियो ।

****** ० ******

****** ० ******